puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१।०८२
सूचना नं. : १२१

मितिः२०८२।०३।१३ गते
ने.सः (११४५ दिल्लाथ्व, २ शुक्रवार)

**विषयः तहवृद्धिको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना !**

**(सूचना प्रकाशित मितिः २०८२/०३/ १३ गते)**

लुम्बनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को उपदफा (९) बमोजिम तहवृद्धिका लागि तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरूले तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम – ४८ अनुसार सोही नियमावलीको अनुसूचि-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका आवश्यक कागजातहरू सहित यस कार्यालयमा आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

क) दफा ३१ को उपदफा ९ बमोजिमः-

१. सक्कल निवेदन,
२. हालको पदमा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यावधिक व्यक्तिगत विवरणको प्रतिलिपि,
५. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,
६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
७. हालसम्म विभागिय कारवाही नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा पत्र,
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

..........................
ध्रुव वि. क.
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत